# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल।

प.सं.: २०७९/०८०
च.नं. : 2054.

मिति : २०८०/०३/२१

विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।

श्री मनहरी गाउँपालिका
सबै शाखा/उपशाखा प्रमुखज्यूहरु,
वडा कार्यालय/वडा सचिवज्यूहरु,
मनहरी, मकवानपुर।

प्रस्तुत विषयमा मिति २०८० असार २१ गते विहिबार बसेको आ.व. २०७९/०८० को एक्काईसौँ गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान ५ (पाँच) यसैसाथ संलग्न छ। सो निर्णयानुसार तहाँ सँग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुनु अनुरोध छ।

.....................................
(मोहनकुमार श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश,

आज मिति २०८०/०३/२१ गते विहिबार बिहान ११:०० बजे आ.व. २०७९/८० को यस मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको एक्काईसौँ बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**<u>उपस्थिति</u>**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री राजेन्द्र भट्टराई — वरिष्ठ लेखा अधिकृत

श्री सिर्जना बर्तौला — प्रशासन शाखा — सहायक पाचौं

२०८० असार २१ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

२०८० असार २१ गते बसेको गाउँ कार्यपालिकाको एक्काइसौं बैठकको छलफलका विषयहरु :

१. विगतको निर्णयको समीक्षा सम्बन्धमा।

२. २०७८/०७९ को अन्तिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा

३. गाउँ सभाको तेह्रौँ अधिवशेनको दोस्रो बैठकमा पेश हुने विषयवस्तुका सम्बन्धमा।

४. मनहरी गाउँपालिकाको २०८०।०८१ को दररेट सम्बन्धमा।

५. योजना/कार्यक्रम सम्पन्न भई सम्बन्धित शीर्षकबाट भुक्तानी गर्न रकम अपुग भएको सम्बन्धमा।

६. ठेक्कामा सञ्चालित विभिन्न योजनाहरुको सम्झौता अवधि थप गर्ने सम्बन्धमा।

७. २०७९/०८० को आय ठेक्काको मुद्दाको प्रतिरक्षा सम्बन्धमा।

८. विपन्न बालबालिका गरिव सँग विशेश्वर शैक्षिक सहायता कार्यक्रम सम्बन्धमा।

९. कृषि औजार सम्बन्धमा।

१०. विभिन्न निकायबाट रकम माग भई आएको सम्बन्धमा।

११. पोषण संवेदनील क्षेत्रका कार्यक्रमहरु शीर्षकमा विनियोजित बजेट सम्बन्धमा।

१२. शिर्षक परिवर्तन सम्बन्धमा ।

१३. अतिरिक्त भत्ता उपलब्ध सम्बन्धमा।

१४. ६०/४० को रकम फिर्ता समबन्धमा।

१५. सि.सि.टि.भि. जडान तथा मर्मत खर्च भुक्तानी सम्बन्धमा।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँ कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भईसकेको र केही निर्णय कार्यान्वयनको चरणमा रहेको समीक्षा गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक बर्ष २०७८/०७९ को गाउँ कार्यपालिकामा भएको आर्थिक कारोबारको अन्तिम लेखा परीक्षणको कार्य महालेखा परीक्षकको कार्यालयबाट सम्पन्न भई प्राप्त प्रतिवेदन उपर छलफल भयो। प्रतिवेदनमा औँल्याइएका सैद्धान्तिक बेरुजूको हकमा लेखा समितिको बैठकले टुङ्गो लगाए बमोजिम गाउँ सभाको तेह्रौँ अधिवेशनको दोस्रो बैठकमा पेश गरी सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने, पेश्की बेरुजूको हकमा फर्छयौटको कार्य अगाडी बढाउने तथा असूल उपर गर्नु पर्ने बेरुजूको हकमा बेरुजू सम्बद्ध व्यक्ति वा संस्थालाई दाखिला गर्न निर्देशन दिने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको तेह्रौँ अधिवेशनको दोस्रो बैठक नेपालको संविधान र प्रचलित कानून बमोजिम मिति २०८०/०३/२२ गते मनहरी गाउँपालिका वडा नं. ३ मा रहेको लामिटारको सभा हलमा आयोजना हुने र सो बैठकमा देहायका प्रस्ताव माथि निर्णयार्थ पेश गर्ने निर्णय गरियो। साथै श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पारित गरी पेश गरेको आ.व. २०८०/०८१ को बजेट वक्तव्य को खाकालाई पारित गर्दै गाउँसभाको तेह्रौँ अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

क) विनियोजन विद्येयक २०८०

ख) आ.व. २०८०/०८१ को बजेट वक्तव्य

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

१

रन्जन कालाखेती

ग) मनहरी गाउँपालिकाको आ.ब.२०७८/०७९ को अन्तिम लेखा परिक्षण प्रतिबेदनमा महालेखा परिक्षकबाट औल्याईएका बेरुजु र सो सम्बन्धमा सम्परीक्षणको लागी सिफारिसको व्यहोरा उल्लेखित लेखा समितिको प्रतिबेदन

घ) विविध विविध (कार्यपालिका निर्णयहरु अनुमोदन, विभिन्न समयमा भएका कर्मचारी नियुक्ति अनुमोदन, करार सेवा तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धी अधिकार प्रत्यायोजन, आ.व. २०८०/८१ को तलबी प्रतिवेदन, सम्पुर्ण आम्दानी र खर्च अनुमोदन लगायत प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएका बिषय)

४. प्रस्ताव नं. ५ माथि छलफल गर्दा विगतका गाउँ कार्यपालिकाको बैठकको निर्णय तथा कार्यालयको आवश्यकताको आधारमा तपसिल बमोजिम आयोजना/कार्यक्रम/शीर्षकबाट रकम खर्च गर्न गरी सम्झौता भई तथा नभई खर्च भएको र बील भरपाईका आधारमा भुक्तानी माग समेत भएकोमा सम्बन्धित शीर्षकमा रकम सकिएको हुँदा उक्त आयोजना/कार्यक्रम/शीर्षकका रकम देहाय बमोजम भुक्तानी गर्ने निर्णय गरियो।

| क्र.सं. | खर्च भएको आयोजना/खर्च शीर्षक | भुक्तानी गर्ने आयोजना/खर्च शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | राप्ती खोला नियन्त्रण वडा नं. ६ विपद् व्यवस्थापन कोष | रुपाचुरी फरिवाङ सडक स्तरउन्नती समपुरक गापाको तर्फबाट | ५,००,०००। | |
| २. | आश्रमटोल सिंचाई तथा खानेपानी वडा नं. १ विपद् व्यवस्थापन कोष | रुपाचुरी फरिवाङ सडक स्तरउन्नती समपुरक गापाको तर्फबाट | १,९५,०००। | |
| ३. | ईन्धन | अनुगमन तथा मुल्याङ्कन | ७,२५,९३०। | |

५. प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिका क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवा प्राप्त गर्ने प्रयोजनको लागि कार्यालयबाट पेश हुन आएको मनहरी गाउँपालिकाको २०८०।०८१ को निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट निर्धारण गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ७ माथि छलफल गर्दा देहायका निर्माण कार्यका ठेक्काहरु निर्माण सामाग्रीको उपलब्धतामा कठिनाई, प्रतिकूल मौसम जस्ता बिबिध कारणले समय सीमा भित्र कार्य सम्पन्न हुन नसकेकाले उक्त योजनाहरुको म्याद थप गरी तिब्र कार्य समाप्तिका निम्ति निर्देशन दिने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायी | म्याद रहेको अन्तिम मिति | थप गरिएको समयावधि |
|---|---|---|---|---|
| १. | बाल जीवन ज्योति मा .वि | लटरामेश्वोर महादेव निर्माण सेवा, | २०८०/०२/१५ | २०८०/०३/२४ |



रन्जन कालाखेती

| | | | | |
|---|---|---|---|---|
| २. | ज्यामिरे केराबारी सडक स्तरीकरण | डी एण्ड जी एस आर निर्माण सेवा | २०८०/०१/३० | २०८०/०३/२४ |
| ३. | वडा नम्बर -२ सडक स्तरीकरण | निर्पण निर्माण सेवा | २०८०/०१/३० | २०८०/०३/२४ |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा श्री महारुद्र कन्सट्रक्सन प्रा.लि. मनहरीले यस गाउँपालिकालाई विपक्षी बनाई उच्च अदालत पाटन हेटौडा ईजलास समक्ष पेश गरेको फिराद पत्रको प्रतिउत्तर लगाएतका कानुनी प्रतिरक्षा सम्बन्धी कार्य कार्यालयको तर्फबाट गर्न पर्ने भएकोले सो सेवा प्राप्त गर्न साविकमा करार सेवाको रुपमा सेवा प्राप्त गरिएको कानून व्यवसायी अधिवक्ता श्री मोहन ढकाललाई नै निरन्तरता दिने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा मनहरी गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास भई गरिवको कारणले आफ्नो अध्ययन पुरा गर्न कठिनाई भोगि रहेका छात्राछात्रहरुलाई आफ्नो अध्ययन पुरा गराउन सहयोग गर्न सम्बन्धित वडा कार्यालयहरुबाट सिफारिस भई आएकोले तपशिलका शैक्षिक संस्थामा अध्ययनरत छात्राछात्रहरुलाई निम्न बमोजिमको रकम विपन्न बालबालिका गरिब सँग विशेश्वर शैक्षिक सहायता कोष बाट शैक्षिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

श्री बाल जिवन ज्योती माध्यमिक विद्यालय

| क्र.सं. | अध्ययन गर्ने व्यक्तिको नाम | बुवाको नाम | सिफारिस गरिएको तह | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कुशल पुडासैनी मनहरी १ | दुर्गा प्रसाद पुडासैनी | कक्षा १२ | ७२०० | |
| | जम्मा | | | ७२०० | |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा संघीय विशेष अनुदानको रुपमा प्राप्त भएको " नविनतम प्रविधिको प्रयोगद्धारा खाद्य उत्पादन र बजारीकरणमा बृद्धि गर्दै ग्रामिण क्षेत्रमा पोषण तथा खाद्य सुरक्षाको सुनिश्चितता गर्ने कार्यक्रम " मा रु ५० लाख प्राप्त भएको र सो बाट कार्यविधि बमोजिम बजेट कार्यान्वयन गर्न तीन वटा सिलबन्दी कोटेसन क्रमश: २० लाख, २० लाख र १० लाखको सार्वजनिक सूचना प्रकाशित गरिएकोमा तिनै वटामा न्युनतम तिन वटा कोटेशन प्राप्त हुन नसकेकोले नियमानुसार स्वीकृत गर्न नसकिएको। प्रस्तुत अवस्थामा मिनि टेलर खरिद सम्बन्धि कोटेसन पुन: प्रकाशित गर्ने समय बाँकी रहेको हुँदा पुन: सूचना प्रकाशित गरिएको तर बाँकी दुई वटा शिलबन्दी कोटेसनलाई पुन: प्रकाशित गर्न यस आ.व. मा पर्याप्त समय बाँकी नरहेको हुँदा तथा बजेट शिर्षकले परिकल्पना गरेको उद्देश्य प्राप्त गर्न अत्यावश्यक कृषि सामाग्री एवम् उपकरणहरु खरिद गरी स्थानीय कृषक समुदाय समक्ष पुर्याउनु पर्ने अवस्था भएको हुँदा सार्वजनिक खरिद ऐन बमोजिम उल्लेखित दुवै खरिद सूचना तर्फ रु १० लाख सम्म सोझै वार्ताद्धारा खरिद गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो। यसरी खरिद गर्दा समेत बजेट बाँकी रहने भएमा स्थानीय कृषी समुह आदिलाई अनुदानको रुपमा उपलब्ध गराउने निर्णय गरियो।



रन्जन कालाखेती

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा प्रस्ताव नं. २ माथि छलफल गर्दा गर्दा गाउँपालिकासँग तपसिल बमोजिमको विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा तपसिल बमोजिम शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/ योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | माग गर्नेको विवरण | प्रयोजन | शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | मनहरी ९ | गोविन्द प्रसाद सुवेदीको घर पछाडी गएको पहिरो पन्छाए वापत रकम भुक्तानी माग | अन्य सार्वजनिक निर्माणका थप पुर्वाधार | रु.२६०००। | |
| २ | मनहरी ६ | लोथर हुँदै फरिवाङ जाने बाटो सरसफाईको लागि डिजेल सहित जे.सि.वि. माग | रुपाचुरी फरिवाङ सडक स्तरउन्नती समपुरक गापाको तर्फबाट | रु. ६००००। | |
| ३ | सियान पुर्स्थापना केन्द्र हेटौडा | मनहरी ७ का मानसिक र कुलतमा फसेका २ जना व्यक्तिहरुको औषधी उपचार खर्च बापतको रकम भुक्तानी माग | आर्थिक सहायता | रु.१२३०००। | |
| ४ | मनहरी ५ | वडा नं. ९ र ५ जोड्ने राप्ती खोलामा अस्थायी ह्युम पाईप निकाले वापतको खर्च रकम भुक्तानी माग। | अन्य सार्वजनिक निर्माणका थप पुर्वाधार | १२००००। | |

११.प्रस्ताव नं. ११ माथि छलफल गर्दा पोषण संवेदनशिल कार्यक्रम शिर्षकममा रहेको रकम रु. ५,५०,०००। बहुक्षेत्रीय पोषण कार्यक्रम बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरुमा पशुपंक्षी विकास क्षेत्रमा स्थानीय जातको दुई पोथी र एक भाले पालनको लागि कुखुरा र केज वितरण गर्ने व्यवस्था भएकोले सोहि बमोजिम उक्त कार्यक्रम संचालनको लागि ६ नं. वडा छनोट गरी सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा चेपाङ समुदायका महिलाहरुको आय आर्जनको लागि दुई पोथी र एक भाले पालनको लागि कुखुरा र केज वितरण गर्ने निर्णय गरियो ।

१२.प्रस्ताव नं. १२ माथि छलफल गर्दा मिति २०८०/०३/१८ गते बसेको सामाजिक विकास समितिको बैठकबाट आय आर्जन क्रियाकलापमा रहेको रु २०००००।, शहिद परिवार सम्मान कार्यक्रम र द्वन्द्व पिडित सम्बद्ध



रन्जन कालाखेती

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

कार्यक्रमा रहेको रु ५ लाख मध्ये रु ३७४०००। गरि जम्मा रु ५७४०००। उल्लेखित शिर्षक परिवर्तन गरि शहिद परिवार आयआर्जनका लागि पाडि वितरण कार्यक्रम संचालन गर्ने भनि निर्णय गरियो।

१३.प्रस्ताव नं. १३ माथि छलफल गर्दा गाउँपालिकाको ब्याक हो लोडर चालकको पदमा कार्यरत प्रबिन कुमार ब्लोनले विभिन्न वडाहरुमा अतिरिक्त समय काम गरे बापत लग सिट प्रमाणित बमोजिम प्रति घण्टा १०० का दरले मिति २०७९/०४/०१ देखि हालसम्मको रकम भत्ता स्वरुप उपलब्ध गाराउने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ३ स्थित लामिटार मध्यवर्ति सामुदायिक वन उपभोक्ता समितिले ६०/४० को योजना अन्तर्गत उक्त सामुदायिक वन उपभोक्ता समितिको भवन निर्माणको लागि गाउँपालिकासँग सम्झौता भई विविध कारणबस उक्त कार्य अघि बढाउन नसकेको हुँदा गाउँपालिकाको खातामा जम्मा गरिएको रकम ६६८२०। फिर्ताको लागि निवेदन पेश गरेको हुँदा उक्त रकम फिर्ता गर्ने निर्णय गरियो।

१५.प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस मनहरी गाउंपालिकाको रजैया लोथर सडक खण्डमा हुने दुर्घटना न्युनिकरण चोरी निकासी लगायतका बिभिन्न किसिमका अपराधिक घटनाहरु रोकथामको लागि वल्डलिङ्क कम्युनिकेशन लिमिटेड मनहरीले जडान गरेको सिसिटिभि र सो सिसिटिभिसंग सम्बन्धित सामाग्रीहरु ईलाका प्रहरी कार्यालय मनहरीको जिम्मामा रहेको र सो सिसिटिभिको जडान र मर्मत संभार गर्दा लागेको खर्च रकम रु.९८५७५/ भुक्तानीको लागि सिसिटिभि ब्यवस्थापन समिति मनहरीबाट अनुरोध भै आएकोले चालु आ.ब.२०७९/८० को राजश्व बांडफांड स्थानीय नगदको बिबिध कार्यक्रम खर्च शिर्षकबाट रु.९८५७५/ भुक्तानी दिने निर्णय गरियो।

रन्जन कालाखेती
अध्यक्ष